# पकहाँ मैनपुर गाउँपालिका

# स्थानीय राजपत्र

## उपाध्यक्ष कन्या विवाह योजना संचालन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/११/२१

गा.पा. अध्यक्षबाट प्रमाणित मितिः २०७९/११/२५

CamScanner

# पकहाँ मैनपुर गाउँपालिका
# स्थानीय राजपत्र

पकहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
मधेश प्रदेश, नेपाल

## उपाध्यक्ष कन्या विवाह योजना संचालन कार्यविधि, २०७९

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (१) वमोजिम पकहाँ मैनपुर गाउँपालिका गाउँ कार्यपालिकाबाट पारित गरि सर्वसाधारणको जानकारीका लागि कार्यविधि प्रकाशित गरिएको छ।

**प्रस्तावना:** पकहाँ मैनपुर गाउँपालिकाको कार्य क्षेत्र भित्र जन्म भएका कन्याको आर्थिक, सामाजिक जिवनस्तर सुदृढ गरी शिक्षा र भबिष्यलाई सुरक्षित तुल्याई सेवा प्रदान गर्ने हेतुले गाउँपालिकाको गाउँ कार्यपालिकाबाट उपाध्यक्ष कन्या विवाह योजना कार्यक्रम लागू गरी गाउँपालिका भित्रकार्यान्वयन गर्ने निर्णय भए वमोजिम यो उपाध्यक्ष कन्या विवाह योजना संचालन कार्यविधी, २०७९ तयार पारी लागु गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधीको नाम उपाध्यक्ष कन्या विवाह योजना संचालन कार्यविधि, २०७९ रहेको छ।

(ख) यो कार्यविधी गाउँ कार्यपालिकाबाट स्विकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

सुरेश प्रसाद
गाउँपालिका अध्यक्ष

(क) "कार्यविधी" भन्नाले यस उपाध्यक्ष कन्या विवाह योजना संचालन कार्यविधी,२०७९ सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले उपाध्यक्ष कन्या विवाह योजनालाई सम्झनु पर्छ।

(ग) "कन्या" भन्नाले अविवाहित महिलालाई सम्झनु पर्छ।

(घ) "कार्यक्षेत्र" भन्नाले यस गाउँपालिकाले ओगटेको भुभाग वा गाउँपालिकाको भित्री ठाउँ विशेषलाई वा वडाले ओगटेको भु-भागलाई सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले गाउँपालिका कार्यालय र वडा कार्यालय दुवैलाई सम्झनु पर्छ।

(च) "समिति" भन्नाले उपाध्यक्ष विवाह योजना संचालन समितिलाई सम्झनु पर्छ।

(छ) "कन्या संरक्षण" भन्नाले उपाध्यक्ष कन्या विवाह योजना अन्तर्गत गाउँ कार्यापालिकाले कन्यालाई कार्यविधीमा तोके वमोजिम प्रदान गर्ने सुविधाहरु भनि सम्झनु पर्छ।

(ज) "कर्मचारी" भन्नाले गाउँपालिका क्षेत्र भित्र कार्यरत नेपाल सरकार अन्तर्गतका निजामती सेवा नियमावली अन्तर्गत वा गाउँ कार्यपालिकाबाट नियुक्त भएका कर्मचारी सम्झनु पर्छ।

(झ) "वित्तिय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्था क, ख, ग श्रेणीको बैंक, वा बिमा संस्थाहरु भनि सम्झनु पर्छ।

(ञ) "करार" भन्नाले दुई वा सो भन्दा बढी पक्ष बिच समय, पारिश्रमिक एवं आवश्यक्ता अनुसार शर्तहरु समेत तोकेर तोकिएको कार्य सम्पादन गर्नको लागि गरिएको सम्झौता भनि सम्झनु पर्छ।

(ट) सदस्य सचिव भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीलाई सम्झनु पर्दछ।

३. उद्देश्यः

कार्यक्रम संचालन गर्नुको मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्।

(क) वालविवाह रोकथाम तथा नियन्त्रण गर्नको लागि सरकारले संविधानमै व्यवस्था भएको २० वर्ष पछि विवाह गर्ने मान्यतालाई यस गाउँपालिकामा पूर्ण रुपमा लागु गराउने।

(ख)गाउँपालिका भित्र जन्मेका कन्याहरु प्रति दर्शाइने अवहेलना एवं अस्विकार्यता जस्ता सामाजिक विकृतिहरुलालई निरुत्साहित गर्दै उनीहरुको जिवन सुरक्षा गर्न उनीहरुको मातापिता वा अभिभावकलाई प्रेरित गर्ने।

सुरेश प्रसाद
गाउँपालिका अध्यक्ष

CamScanner

(ग) कन्याका लागि चाहिने स्वास्थ्य जस्ता अत्यावश्यक कुराहरुमा घरपरिवारको दायित्वलाई थप जिम्मेवारपूर्ण बनाउने, कन्याको शिक्षा लगायतका क्षेत्रमा घरायसी एवं सामाजिक रुपमा गरिने भेदभावलाई निरुत्साहित गर्ने।

(घ) कन्याको जिवनको सुरक्षा एवं भविष्यलाई आर्थिक, सामाजिक रुपमा सहयोग पुऱ्याई मदत गर्ने।

(ङ) गाउँपालिका भित्र रहेका अविवाहित कन्याहरुको व्यक्तिगत अभिलेख राख्ने एवं उनीहरुसंग सम्बन्धित आवश्यक योजना एवं कार्यक्रमहरु संचालन गर्ने।

## ४. प्रावधानहरुः

कार्यक्रम अन्तर्गतका उद्देश्यहरु पूर्ति गर्न गरिने क्रियाकलापलाई कार्यान्वयन गर्न निम्नानुसारका प्रावधानहरुको व्यवस्था गरिनेछ।

(क) अभिलेख व्यवस्थापनः

(अ) वडा कार्यालयले निम्नानुसारका कागजातहरु संकलन एवं तयार गर्नुपर्ने छ।

१. कन्याको जन्मदर्ता वा नागरिकताको प्रतिलिपी।

२. कन्या वा कन्याको आमा वुवा वा निजको समरक्षकले दिएको निवेदन (अनुसूची-१) वमोजिम।

३. वडा कार्यालयको सिफारिस पत्र।

४. कन्याको विवाहको सक्कलै निमन्त्रणा कार्ड। (विवाह कार्ड)

५. विवाह भएको दम्पतिको विवाहको दृष्य झल्किने फोटोहरु।

(ख) उपाध्यक्ष कन्या विवाह योजना संरक्षण समिति गठन एवं समितिको काम, कर्तव्य र अधिकारहरुः

अ) कार्यक्रमलाई सहज र सरल ढंगले संचालन गर्न गाउँ कार्यपालिकाले निम्नानुसारको ४ सदस्यीय बालिका संरक्षण समिति गठन गर्नेछ।

१) गा.पा. उपाध्यक्ष- अध्यक्ष

२) वडा अध्यक्ष मध्ये एक जना (उपाध्यक्षले तोकेको)- सदस्य

३) गाउँकार्यपालिकाको सदस्य (महिला) (उपाध्यक्षले तोकेको)- सदस्य

४) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी- सदस्य सचिव

आ) कार्यपालिका सदस्यहरु आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछन।

इ) उपाध्यक्ष कन्या विवाह योजना समितिको काम कर्तव्य र अधिकारहरु निम्नानुसार हुनेछ।

१) वडा कार्यालयवाट आएका सिफारिसहरुलाई अध्ययन गरी उपाध्यक्षबाट सहमति प्रदान गर्ने।

सुरेश प्रसाद
गाउँपालिका अध्यक्ष

CamScanner

२) कार्यक्रम अन्तरगत सुविधाको लागि माग भई आएका कागजातहरुको उचित व्यवस्थापन कार्य गर्न निर्देशन दिने र सो कार्यको अनुगमन गर्नेछ।

३) समितिको वैठक चौमासिक रुपमा अनिवार्य रुपमा वस्नु पर्नेछ।

४) वैठक वस्दा सदस्य सचिवले कार्यक्रमको प्रगति प्रतिवेदन अनुवार्य रुपमा पेश गर्नु पर्नेछ।

५) समितिको आकस्मिक वैठक वस्नु परेमा समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले वैठकको व्यवस्थापन गर्नु पर्नेछ।

६) समितिले आफै वा निर्देशन दिए वमोजिम निम्नानुसार कार्यक्रम सम्बन्धि प्रचार प्रसार एवं अन्य प्रवद्धनात्मक कार्यहरु गर्नेछ।

अ) कार्यालयका पदाधीकारी एवं कर्मचारीहरुलाई विभीन्न अवसरहरु पारेर चेतनामुलक कन्या योजना विकास अभियानमा संलग्न गराउने ।

आ) कार्यक्षेत्र भित्र चेतनामुलक तस्विर र प्रचार सामाग्रीहरु टाँस्ने।

इ) शिक्षा, स्वास्थ्य सरसफाई सम्बन्धि चेतनामुलक प्रचार प्रसार कार्य गर्ने।

ई) सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग समन्वय, सहकार्य गर्ने।

७) समितिले आगामी वर्षको लागि विनियोजन गर्नु पर्ने कार्यक्रमको बजेट तयार पारी गाउँकार्यपालिकामा सिफारिश गर्नुपर्नेछ।

८) कन्या क्षमता विकासका लागि छुटट्टै कन्या क्षमता विकास कोष खडा गरी प्रत्येक वर्ष बिनियोजन भएको वजेट रकम अनुसार कर्यक्रम संचालन गर्ने। साथै कोषको संचालन समितिको सदस्य सचिव र लेखा मार्फत हुनेछ।

९) समितिका पदाधिकारीरहरुले प्रत्येक वडाहरुमा कार्यक्रमको बारेमा जनसमुदायमा जानकारी भए नभएको बारेमा अनुगमन गरी आवश्यक कार्यक्रम तर्जुमा एवं संचालन गर्ने गराउने।

१०) कार्यक्रमबाट सुविधा पाएका परिवारसंग निरन्तर सम्पर्क गरी कार्यक्रमको प्रगति एवं प्रभावकारिताको बारेमा गाउँकार्यपालिकाको बैठकमा जानकारी गराउने।

११) कार्यक्रमसंग सरोकार राख्न चाहने व्यक्ति तथा संस्थाहरुसंग सम्पर्क, सम्न्वय गर्ने।

१२) कार्यक्रमलाई अझ दिगो र प्रभावकारी बनाउन आवश्यक उपायहरु पहिल्याउने र योजनाहरु तयार गरी कार्यान्वयन गर्न गराउने लगाउने।

सुरेश प्रसाद
गाउँपालिका अध्यक्ष

CamScanner

(ग) कार्यक्रम अन्तर्गत उपलब्ध हुने सुविधाहरु:

उपाध्यक्ष कन्या विवाह योजना अन्तर्गत गाउँकार्यपालिकाले कन्याको शिक्षा, जिवन सुरक्षा एवं भविष्यमा केही आर्थिक मद्दत पुगोस भन्ने हेतुले वित्तिय संस्थामा कन्याको मंजुरीमा निवेदकको नाममा खाता खोली रु. ४५,०००/ (अक्षरेपी पैतालिस हजार मात्र ) रकम भुक्तानी गरिनेछ। सोका लागि आवश्यक शर्तहरु पुरा गर्नु पर्नेछ।

१)जस्मा २० वर्ष उमेर पुगेपछी विवाह गरेको ।

२)जुनसुकै जिल्ला वा देशमा विवाह भै गएपनि यस अवसरमा कन्याले सेवा पाउनेछन।

३)उक्त रकम प्राप्त गर्न आवश्यक कागजात सहित कार्यालय प्रमुख समक्ष निवेदन पेश गर्नुपर्नेछ।

(घ) वित्तिय संस्थासंगको सम्बन्ध एवं कार्यान्वयन:

वित्तिय संस्थासंगको सम्बन्धन कार्यको लागि निम्न प्रक्रिया अपनाइने छ।

अ)यस गाउँपालिका संचालनमा रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त “क” वर्गको बैंक वा वित्तिय संस्थामा निवेदकले खाता खोल्नुपर्नेछ।कार्यविधीमा उल्लेख भएअनुसार प्रमाण पेश भएपछि निजको खातामा गाउँपालिकाको उपाधयक्ष कन्या विवाह योजना अन्तरगतको शिर्षकबाट तोकिएको रकम भुक्तानी गरिनेछ।

(ङ) अन्य कार्यहरु:

कार्यक्रम अन्तर्गत गरिने अन्य कार्यहरु निम्नानुसार हुनेछन्।

१)उपाध्यक्ष कन्या विवाह योजना संरक्षण कार्य पश्चात सो को प्रमाणको प्रतिलिपी गाउँ कार्यपालिकाले अभिलेखको रुपमा राखेछ।

२)उपाध्यक्ष कन्या विवाह योजना संरक्षण कार्य गर्दा उल्लेख भए बाहेक थप अन्य कागजात चाहिएमा गाउँकार्यपालिकाको कार्यलायले कन्या वा अभिभावकसंग माग गर्नेछ।

**५. संशोधन सम्बन्धमा:**

यो उपाध्यक्ष कन्या विवाह योजना कार्यक्रम संचालन कार्यविधि, २०७९ मा व्यवस्था गरिएका प्रावधानहरु संसोधन एवं थपघट गर्ने सम्पुर्ण अधीकार गाउँ कार्यपालिकामा निहित रहनेछ।

**६. खारेज र बचाउ:**

यो कार्यविधि संघीय तथा प्रदेश कानुन सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

सुरेश प्रसाद
गाउँपालिका अध्यक्ष

CamScanner

७. संक्षेपीकरणः

श्री पकहाँ मैनपुर गाउँकार्यपालिकाको कार्य क्षेत्र भित्र जन्म भएका कन्याको जिवन सुरक्षा र भविष्यलाई सुनिश्चित [illegible] सम्मानित बनाउनको लागि गाउँकार्यपालिकाले बालबिवाह न्यूनिकरण गर्ने भनि पकहाँ मैनपुर गाउँपालिकाको आठौ गाउँ सभाबाट योजना पारित भई उपाध्यक्ष कन्या विवाह योजना कार्यक्रम संचालन गर्नको लागि वित्तिय संस्था संग सम्बन्धन गरेर कन्याको किशोरी चरण पार गर्दा आफ्नो भविष्य प्रति ढुक्क हुन सकोस भन्ने हेतुले अनुदान सहयोग सहितको कार्यक्रम तर्जुमा गरिएको छ। बालिका भ्रुण हत्या, शिक्षामा हुने भेदभाव बालविवाह तथा लैङ्गिक विभेद जस्ता सामाजिक कुरीतीलाई निराकरण गर्ने उद्देश्यबाट अभिप्रेरित यस कार्यक्रमलाई अझ बढि प्रभावकारी बनाउनको लागि गाउँपालिका भित्र हरेक तह र तप्कामा प्रवर्द्धनात्मक क्रियाकलाप गरी कार्यक्रमलाई सफल गराउने प्रयास गरिनेछ।

सुरेश प्रसाद
गाउँपालिका अध्यक्ष

CamScanner

पकहाँ मैनपुर गाउँपालिका
अनुसूची १
गाउँकार्यपालिकाको कार्यालय, पकहाँ मैनपुर, पर्सा
निवेदन
(उपाध्यक्ष कन्या विवाह योजना संचालन प्रयोजनको लागि)

श्रीमान् कार्यालय प्रमुख ज्यू,
गाउँकार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा

विषयः- कन्या विवाहको लागि अनुदान रकम पाउँ वारे।

महोदय,

उपतोक्त सम्बन्धमा जिल्ला पर्सा पकहाँ मैनपुर गाउँपालिका वडा नं. ........... टोल ................................................ वस्ने ................................................... को छोरी ........................................ को जन्म ...................................गते भएको र निजको विवाह मिति ......................................... गते हुने भएकोले यस गाउँपालिकाको कार्यालयबाट दिईने अनुदान रकम रु.४५,०००। (अक्षरेपी पैतालिस हजार मात्र ) उपलब्ध गराईदिनुहनको लागि तापसिलमा उल्लेखित कागजातहरु संलग्न राखी श्रीमान समक्ष यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरुः

१. वडा कार्यालयको सिफारिस
२. कन्याको जन्मदर्ता वा नागरिकताको प्रतिलिपि
३. कन्याको आमा र वुवाको नागरिकताको प्रतिलिपि
४. कन्याको विवाहको सक्कलै निमन्त्राणा कार्ड
५. विवाह भएको दम्पतीको विवाहको दृष्य झल्किने फोटोहरु

निवेदकः

नामः
ठेगानाः
मितिः
हस्ताक्षर

सुरेश प्रसाद
गाउँपालिका अध्यक्ष

CamScanner